# रौतामाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार,उदयपुर

कोशी प्रदेश, नेपाल

पत्र सं.:-०८०।०८१
च.नं. :-

मिति: २०८०।०४।१४

**कृषक समूह र कृषि फर्म दर्ता/नविकरण गर्ने वारे अत्यन्त जरुरी सूचना ।**

यस गाउँपालिकाको आ.व. २०८०/०८१ को लागि कृषि विकास तथा पशु सेवा सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएको हुँदा नयाँ कृषक समूह/कृषि फर्म दर्ता गर्न ईच्छुक कृषकहरुले कृषक समूह/कृषि फर्म दर्ता गर्नुहुन र गत आ.व. हरुमा यस कार्यालयमा दर्ता भई संचालनमा रहेका कृषक समूह/कृषि फर्महरुले नविकरण गर्नुहुन तपशिलमा उल्लिखित आवश्यक कागजात सहित सूचना प्रकाशित मितिले २० दिन भित्र रौतामाई गाउँपालिका, कृषि विकास शाखा/पशु सेवा शाखा भुट्टार उदयपुरमा कृषक समूह र कृषि फर्म दर्ता/नविकरण गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः

**नयाँ कृषक समूह/कृषि फर्म दर्ताको लागि**

१. कृषक समूहको हकमा
- समूह बैठक निर्णयको प्रतिलिपि।
- समूहको प्रमाणित विधान २ प्रति।
- समूहको सम्पूर्ण सदस्यहरुको नागरिकता र जग्गा धनीपूर्जाको प्रतिलिपि।आफ्नो नाममा जग्गा नभए घरमुलीको जग्गा धनीपूर्जाको प्रतिलिपि।एकाघरमा कसैको नाममा जग्गा नभएमा सो विषय खुल्ने वडा कार्यालयको सिफारिस।
- दर्ता सम्बन्धमा सम्बन्धित वडा कार्यालयको सिफारिस।

२. कृषि फर्म दर्ताको हकमा
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
- जग्गा धनीपूर्जाको प्रतिलिपि।जग्गा भाडामा लिएको भए करार सम्झौता भएको सम्झौता पत्रको प्रतिलिपि।
- पासफोर्ट साईजको फोटो २ प्रति।
- सर्जीमिन मुचुल्का सहित सम्बन्धित वडा कार्यालयको सिफारिस।

**कृषक समूह/कृषि फर्म नविकरण गर्नको लागि**

१. कृषक समूहको हकमा
- कर कार्यालयमा करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि।
- सम्बन्धित वडा कार्यालयको सिफारिस।
- समूह बैठकको निर्णय प्रतिलिपि।
- समूह दर्ताको सक्कलै प्रमाणपत्र।

२. कृषि कृषि फर्म नविकरणको हकमा
- कर कार्यालयमा करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि।
- सम्बन्धित वडा कार्यालयको सिफारिस।
- कृषि फर्म दर्ताको सक्कलै प्रमाणपत्र।

नोटः अन्य छुट विषयहरु प्रचलित कानून बमोजिम हुनेछ।

२०८०।०४।१४
जनक बस्नेत
प्रमुख प्रशासकीय अधिकृत



CamScanner